# नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५

**प्रस्तावनाः** निर्माण सामग्रीका रुपमा रहेको ढुङ्गा, ग्राभेल वालुवा, गिट्टी, मिस्कट, भस्कट र माटो जस्ता नदीजन्य पदार्थ लगायतका प्राकृतिक स्रोतको दिगो ब्यबस्थापन र सदुपयोग गर्न बान्छनीय भएकोले प्रदेश बित्त व्यवस्थापन ऐन २०७५ को दफा ९ र प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०७५ को दफा १५ को उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. ५, प्रदेश सरकारले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश नं.५ को क्षेत्रभरि लागू हुनेछ ।

(३) यो कार्यविधि प्रदेश सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "अनुगमन समिति" भन्नाले यस कार्यविधि बमोजिमको निर्देशक समिति , जिल्ला अनुगमन तथा व्यवस्थापन समिति र स्थानीय अनुगमन समिति समेतलाई सम्झनु पर्दछ ।

(ख) "उद्योग" भन्नाले कच्चा पदार्थको रुपमा नदीजन्य पदार्थको प्रयोग हुने मेशिनरी औजार जडित उद्योगलाई सम्झनु पर्दछ र सो शब्दले क्रसर उद्योग, फिरफिरे, रिफाइनरी गर्ने उद्योग र यस्तै प्रकृतिका अन्य उद्योग समेतलाई जनाउनेछ ।

(ग) "कार्यविधि" भन्नाले नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ सम्झनु पर्दछ ।

(घ) “घाटगद्दी” भन्नाले नदीजन्य पदार्थ वा दहत्तर बहत्तर सङ्कलन वा उत्खनन वा प्रशोधन गरी नापजाँच गर्न वा अस्थायी भण्डारणका लागि तोकिएको स्थानलाई सम्झनु पर्दछ ।

(ङ) “नदीजन्य पदार्थ” भन्नाले नदी, खोला, खोल्सी, खहरे, नहर , कूलो, बाढी पहिरो, नहर, कूलोले बगाई ल्याई नदी, खोल्सी र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको र थुप्रिएको ढुङ्गा, ग्राभेल, बालुवा, गिट्टी मिस्कट, भस्कट, गेग्रान, माटो तथा बहुमूल्य पत्थर, शीला, चुनढुङ्गा, स्लेट ढुङ्गा, दहत्तर बहत्तर (काठ दाउरा) र नदीको वहावबाट बगी आउने सबैखाले वस्तु र पदार्थलाई सम्झनु पर्दछ ।

(च) “प्रारम्भिक वातावरणीय परिक्षण” भन्नाले वातावरण संरक्षण ऐन, २०५३ बमोजिमको प्रारम्भिक वातावरणीय परिक्षण भन्ने सम्झनुपर्दछ ।

(छ) मन्त्रालय भन्नाले प्रदेश नं. ५ “उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय” सम्झनु पर्दछ ।

(ज) “मापदण्ड“ भन्नाले दफा १९ बमोजिमको मापदण्ड सम्झनु पर्दछ ।

(झ) “राजश्व” भन्नाले राष्ट्रिय वनक्षेत्रबाट नदीजन्य पदार्थ र दहत्तर वहत्तर काठ दाउरा आदिबाट प्राप्त हुने सरकारी रकम सम्झनु पर्दछ ।

(ञ) “वातावरणीय प्रभाव मूल्याङ्कन” भन्नाले वातावरण संरक्षण ऐन २०५३ बमोजिमको वातावरणीय प्रभाव मूल्याङ्कन भन्ने सम्झनु पर्दछ ।

(ट) “ व्यवसायी ” भन्नाले यस कार्यविधि बमोजिम नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, घाटगद्धी तथा बिक्री गर्न इजाजत प्राप्त गरेको व्यवसायी सम्झनु पर्दछ ।

(ठ) “शुल्क” भन्नाले वनक्षेत्र बाहिर उत्खनन् सङ्कलन भएका नदीजन्य पदार्थ बिक्रीबाट प्राप्त रकमलाई जनाउने छ । यो शब्दले निजी जग्गाबाट व्यवसायिक प्रयोजनका लागि सङ्कलन तथा बिक्री भएको नदीजन्य पदार्थ वापत प्राप्त हुने सेवा शुल्क समेत सम्झनु पर्दछ ।

(ड) “स्थानीय तह” भन्नाले संविधानको धारा ३०६ को उपधारा (१) को (ढ) बमोजिमको स्थानीय तह सम्झनु पर्दछ ।

(ढ) “परिमाण” भन्नाले घाटगद्धीमा रहेका नदिजन्य पदार्थको परिमाण सम्झनु पर्दछ ।

## परिच्छेद २

## नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था

**३. अनुमति लिनु पर्ने** (१) नदीजन्य पदार्थमा आधारित क्रसर उद्योग वा यस्तै प्रकृतिका अन्य उद्योग स्थापना र सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले अनुसूची (१) बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा अनुमतिका लागि दरखास्त दिनु पर्नेछ ।

(२)उपदफा (१) बमोजिम दरखास्त दिने व्यक्ति वा संस्थालाई सम्बन्धित स्थानीयतहले अनुसूची (२) बमोजिमको ढाँचामा अनुमति पत्र दिनेछ ।

(३)उपदफा (१) बमोजिम अनुमतिका लागि दरखास्त दिँदा प्रचलित नेपाल कानूनमा तोकिएका शर्त बन्देजका अतिरिक्त अनुसूची ४ बमोजिमको मापदण्ड र देहायका शर्तहरु पूरा गरेको हुनु पर्नेछ ।

(क)उद्योग स्थापना गर्दा प्रचलित वातावरण कानून बमोजिम उद्योगको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भएको प्रमाण संलग्न हुनु पर्नेछ ।

(ख) उद्योगले प्राप्त गर्ने कच्चा पदार्थको स्रोत खुलाई त्यस्ता कच्चा पदार्थ उपलब्ध गराउने स्रोतवालासँग लिएको स्वीकृति, सम्झौता सहितका प्रमाण संलग्न राख्नु पर्नेछ ।

(ग) उद्योग स्थापना गर्ने स्थलको भौगोलिक अवस्थिति GPS Point समेत निर्दीष्ट गरेको हुनु पर्नेछ ।

(घ) उद्योगको क्षमता अनुसार पहाडी क्षेत्रमा न्यूनतम् दश रोपनी र तराई तथा भित्री मधेशमा कम्तीमा एक विगाहा जग्गा उद्योगको स्वामित्व वा लिज वा भाडामा रहेको हुनु पर्नेछ ।

(४)साबिकमा दर्ता भई सञ्चालनमा रहेका उद्योगहरुले स्थानीय निकायको पुनर्संरचना भै कायम भएका स्थानीय तहमा कार्यविधि स्वीकृत भएको मितिले ६ महिना भित्र सूचिकृत भई सञ्चालनको अनुमती लिनु पर्नेछ ।

(५) यस कार्यविधि बमोजिम नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन र भण्डारण गर्दा स्थानीय तहले स्थानीय भू-उपयोग नीति / निर्णय गरे बमोजिम गर्नु पर्नेछ ।

## परिच्छेद ३

## उत्खनन्, सङ्कलन र घाटगद्दी सम्बन्धी व्यवस्था

४. **कार्ययोजना बनाउने** (१) प्रत्येक स्थानीय तहले देहायका कुराहरु समावेश गरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन घाटगद्दी र बिक्री वितरण सम्बन्धी कार्ययोजना बनाउनु पर्नेछ ।

(क) उत्खनन र सङ्कलन गर्न हुने र नहुने क्षेत्र ।

(ख) नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी उकासक्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण ।

(ग) पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता ।

(घ) भण्डारण वा घाटगद्दी स्थल ।

(ङ) बिक्री वितरणको प्रक्रिया ।

(च) सङ्कलनको विधी र प्रयोग हुने मेशिनरी औजार ।

(छ) प्राप्त हुने अनुमानित आम्दानी ।

(२) उपदफा (१) बमोजिम तयार भएको कार्ययोजना दफा १७(१) बमोजिमको जिल्ला अनुगमन तथा व्यवस्थापन समितिबाट फिल्ड निरीक्षण गराई लिखित प्रतिवेदन लिई सम्बन्धित स्थानीय तहको कार्यपालिकाबाट स्वीकृत भएको हुनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्ययोजना स्थानीय तहले प्रत्येक आर्थिक वर्षको जेठ मसान्तसम्म जिल्ला समन्वय समितिमा पेश गर्नु पर्नेछ र जिल्ला समन्वय समितिले पन्ध्र दिन भित्र राय सहित मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि पहिलो वर्षको लागि असौज मसान्त सम्ममा कार्य योजना तयार गरी समन्वय समितिमा पेश गर्नु पर्नेछ र जिल्ला समन्वय समितिले पन्ध्र दिन भित्र राय सहित मन्त्रालयमा पठाउनु पर्नेछ ।

**५. वातावरणीय अध्ययनः** (१) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन र बिक्री गर्ने स्थानीय तहले त्यसरी उत्खनन् सङ्कलन गर्नु अघि प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ ।

(२) नदीजन्य पदार्थमा आधारित उद्योगको स्थापना र सञ्चालन गर्नु पूर्व प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ ।

(३) सम्वन्धित स्थानीय तह र नदीजन्य पदार्थ उत्खनन् सङ्कलन्, प्रशोधन र बिक्री वितरण गर्ने उद्योगले नदीजन्य पदार्थको उत्खनन र सङ्कलन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा औंल्याइएका सुझाव र सुधारात्मक उपायको कार्यान्वयन गर्नु पर्नेछ ।

(४) यो कार्यविधि लागू हुनु अघि सञ्चालन भएका उद्योगले यो कार्यविधि प्रारम्भ भएको मितिले ६ महिनाभित्र प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गराई स्वीकृति लिनु पर्नेछ । उल्लेखित अवधिभित्र स्वीकृति नलिएमा प्रदेश सरकारले जिल्ला समन्वय समितिको सिफारिसमा उद्योग सञ्चालनमा रोक लगाउनेछ ।

**६. नदीजन्य पदार्थको उत्खनन र सङ्कलन** (१) राष्ट्रिय निकुञ्ज तथा आरक्ष क्षेत्रभित्रबाट नदीजन्य पदार्थको उत्खनन् र सङ्कलन गर्न पाइने छैन ।

(२) राष्ट्रिय निकुञ्ज वा आरक्ष क्षेत्रको मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रबाट नदीजन्य पदार्थ हटाउन आवश्यक भएमा राष्ट्रिय निकुञ्ज वा आरक्ष क्षेत्रको मध्यवर्ती क्षेत्र र संरक्षणक्षेत्र कार्यालयले प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत गराई जिल्ला अनुगमन तथा व्यवस्थापन समितिको शिफारिस साथ सङ्कलन र सदुपयोगको लागि स्थानिय तहमा अनुरोध गरेमा सम्बन्धित स्थानीय तहले यसै कार्यविधि बमोजिम उत्खनन, संकलन र बिक्री गर्न सक्नेछ ।

(३) राष्ट्रिय वनको हकमा स्वीकृत वन कार्ययोजनामा उल्लेख भएको भए सोही बमोजिम र नभएको अवस्थामा जिल्ला अनुगमन तथा व्यवस्थापन समितिले स्थलगत निरीक्षण गरी आवश्यकता र औचित्य खुलाई सिफारिस गरेमा यस कार्यविधि बमोजिमको प्रक्रिया अपनाई सङ्कलन गर्ने क्षेत्र, परिमाण, समय र प्रक्रिया तोकी प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत गराई उत्खनन, सङ्कलन र बिक्री गर्न सकिनेछ । यसरी सङ्कलन गरिने स्रोतको विवरण सम्बन्धित वन कार्यालयको कार्ययोजनामा

समावेश गरी वन पैदावार सरह अभिलेख अद्यावधिक गर्ने काम सम्बन्धित वन कार्यालयको हुनेछ ।

(४) चुरेक्षेत्रमा पर्ने वन क्षेत्र, सार्वजनिक क्षेत्र र निजी नम्बरी जग्गाको नदीजन्य पदार्थ उत्खनन, सङ्कलन र बिक्री वितरण गर्दा तोकिएको कार्यविधि र मापदण्ड लागु हुनेछ ।

**७. सूचना प्रकाशन गर्नेः** (१) स्थानीय कार्यपालिकाबाट स्वीकृत कार्ययोजना र जिल्ला अनुगमन तथा व्यवस्थापन समितिले सिफारिस गरेको खोला नदी खहरे खोल्सी र नदीउकास क्षेत्रबाट वार्षिक उपलब्ध हुने नदीजन्य पदार्थको प्रकृति र परिमाण निश्चित गरी प्रदेश सरकारबाट तोकिएको दरको आधारमा अनुमानित आय तयार गरी स्वीकृत गर्नु पर्नेछ ।

(२) सो परिमाणको नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलनको लागि पन्ध्र दिनको म्याद दिई दरभाउपत्र वा बोलपत्र सम्बन्धी सूचना राष्ट्रिय वा प्रदेश स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ । यस्तो सूचना सम्बन्धित स्थानीय तहको सूचना पाटीमा टाँस गरी वेभसाइटमा राख्नुका साथै बढी जनसम्पर्क हुने कार्यालयमा समेत पठाउनु पर्नेछ । अलग अलग स्थानमा घाटगद्दी गर्नु पर्ने अवस्थामा अलग अलग प्याकेज बनाई दरभाउपत्र/बोलपत्र माग गर्नु पर्नेछ ।

(३) यसरी सूचना प्रकाशन गर्दा दरभाउपत्र/बोलपत्र खरिद र दाखिला गर्न पाउने निकाय वा स्थान, खरिद र दाखिला गर्न पाउने अन्तिम मिति, पेश गर्नु पर्ने कागजात र धरौटी सम्बन्धमा उल्लेख गर्नु पर्नेछ ।

(४), दरभाउपत्र/बोलपत्र पेश गर्दा आफूले कबोल गरेको दररेट रकमले प्रस्तावित परिमाणलाई गुणन गर्दा हुन आउने कूल कबोल रकमको पाँच प्रतिशत धरौटी बुझाएको प्रमाण संलग्न गर्नु पर्नेछ ।

(५) अन्तिम मितिसम्म दाखिला भएका दरभाउपत्र/बोलपत्रहरु सकेसम्म सोही दिन कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाता/बोलपत्रदाता प्रतिनिधिको रोहवरमा खोली भएको व्यहोरा खुलाई मुचुल्का उठाई सो मुचुल्कामा प्रतिनिधिहरु समेतको दस्तखत गराई राख्नु पर्नेछ । दरभाउपत्रदाता/ बोलपत्रदाताको अनुपस्थितिले तोकिएका उल्लिखित कार्य गर्न वाधा पर्ने छैन ।

(६) पहिलो पटक प्रकाशित सूचना बमोजिम कुनै पनि दरभाउपत्र/बोलपत्र नपरेमा पूर्व प्रकाशित सूचना अनुसार कम्तिमा आधा अवधिको म्याद दिई पुनः सूचना प्रकाशन गर्नु पर्नेछ । दोस्रो पटकको सूचनामा पनि दरभाउपत्र/बोलपत्र दाखिला नभएमा स्वीकृत दररेटमा

नघट्ने गरी सङ्कलन्, घाटगद्धी र बिक्रीको कार्य अमानतबाट गराउन सकिने छ । तर अघिल्लो वर्ष ठेक्का भएको भए अघिल्लो वर्षको दररेटमा नघट्ने गरी कुनै व्यवसायीसँग सम्झौता गरी कार्यादेश दिन सकिने छ ।

(७) एकमात्र दरभाउपत्र/बोलपत्र परेको अवस्थामा त्यस्तो दरभाउपत्र/बोलपत्र नखोली खाममा प्रतिनिधिहरुको दस्तखत गराई कायम राखी पुनः सूचना प्रकाशन गर्नु पर्नेछ । यसरी कायम राखिएको दरभाउपत्र/बोलपत्र पुनः प्रकाशित सूचनाको प्रावधान अनुसार दाखिला गर्न पाउने अन्तिम मितिको चौवीस घण्टा अगाडिसम्म फिर्ता माग्न आएमा बन्द अवस्थामै फिर्ता दिनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम पुन प्रकाशित सूचना अनुसार म्यादभित्र फिर्ता नलगेमा पछि दाखिला भएका दरभाउपत्र/बोलपत्रमा समावेश गरी खोली मूल्याङ्कन गर्नु पर्नेछ ।

(९) पुन प्रकाशित सूचना अनुसार कुनै दरभाउपत्र/बोलपत्र नपरेमा पहिले कायम राखिएको दरभाउपत्र/बोलपत्र खोली मूल्याङ्कन गर्नु पर्नेछ ।

(१०) पहिले कायम रहेको दरभाउपत्र/बोलपत्र फिर्ता भई पुनः एकमात्र दरभाउपत्र/बोलपत्र परेमा सो दरभाउपत्र/बोलपत्र खोली मूल्यांकन गर्नु पर्नेछ ।

८. **मूल्याङ्कन समितिः** (१) म्याद भित्र दाखिला भई खोलिएका दरभाउपत्र/बोलपत्र मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्न स्थानीय तहले सम्बन्धित विशेषज्ञको संयोजकत्वमा तीन सदस्यीय दरभाउपत्र/बोलपत्र मूल्याङ्कन समिति गठन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिले मूल्याङ्कन गर्दा प्राप्त दरभाउपत्र/बोलपत्र मध्ये कानून बमोजिम रित पुगेका , सूचना अनुसारका सबै कागजात तथा प्रमाणहरू पूरा भएका , सबै भन्दा बढी अङ्क कबोल गर्ने दरभाउपत्र/बोलपत्र स्वीकृतिका लागि सात दिन भित्र स्थानीय तहमा प्रतिवेदन पेश गर्नु पर्नेछ र स्थानीय तहले प्रतिवेदन प्राप्त भएको मितिले सात दिन भित्र निर्णय गर्नु पर्नेछ ।

९. **सम्झौता, कार्यादेश र वनक्षेत्र प्रवेश इजाजत** : (१) दरभाउपत्र/वोलपत्र स्वीकृत भए पश्चात कबोल रकम र सो मा लाग्ने कर दाखिला गरी कार्य सम्झौताको लागि सम्पर्क राख्न स्वीकृत दरभाउपत्रदाता/ वोलपत्रदातालाई सात दिनको म्याद दिई सूचना गर्नु पर्नेछ । तोकिएको म्याद भित्र रकम दाखिला नगरेमा निजका नामको धरौटी जफत गरी क्रमश दोस्रो

र तेस्रो कबोलदातालाई रकम सहित सम्झौताको लागि आव्हान गर्नु पर्नेछ । सम्झौता नभएसम्म तेस्रो कबोलदातासम्मको धरौटी कायम राख्नु पर्नेछ ।

(२) दफा (१) बमोजिमको रकम एकमुष्ठ बुझाउन नसकिने भनि कुनै व्यवसायीले निवेदन गर्न आएमा कवोल रकममा लाग्ने पुरै कर रकम र कबोल रकमको पचास प्रतिशत रकम दाखिला गर्न लगाई बाँकी पचास प्रतिशत कबोल रकम वापत व्यवसायीबाट ठेक्का अवधि भरको  नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त "क" वर्गको वाणिज्य बैंकको जमानत लिई दोस्रो किस्ताको कवोल रकम दाखिला गर्नु पर्ने अवधि तोकी सम्झौता गर्न सक्नेछ । तोकिएको अवधि भित्र दोस्रो किस्ताको रकम दाखिला नभए जमानतबाट असुल उपर गर्नु पर्नेछ ।

(३) वनक्षेत्र बाहेकका सार्वजनिक क्षेत्रबाट सङ्कलन गरिने नदीजन्य पदार्थका हकमा स्थानीय तहले सङ्कलन गरिने खोला, नदी, खहरे, खोल्सी र नदी उकासक्षेत्रको स्थान, उत्खनन् सङ्कलन हुने परिमाण, अवधि, उत्खनन्, सङ्कलनको प्रविधि, ढुवानीको प्रक्रिया र घाटगद्दी स्थान लगायत अन्य आवश्यक कुरा तोकी सम्झौता गरी सम्बन्धित व्यवसायीका नाममा कार्यादेश दिनु पर्नेछ ।

(४) संकलन गरिएको नदीजन्य पदार्थ घाटगद्धी गर्ने स्थानको व्यवस्था व्यवसायी आफैले गर्नु पर्नेछ ।

(५) वन क्षेत्रबाट नदीजन्य पदार्थ सङ्कलन गर्दा ठेक्का लगाउने स्थानीय तहले ठेक्का अनुसारको राजश्व र सो मा कानून बमोजिम लाग्ने कर दाखिला गरेको प्रमाण सहित सङ्कलन गर्ने स्थान, समय, परिमाण, प्रयोग गर्ने मेशिन औजार, घाटगद्दिस्थल आदिको पूर्ण विवरण खुलाई सम्बन्धित वन कार्यालयसँग वन प्रवेश इजाजत माग गर्नुपर्नेछ र वन कार्यालयले माग भए बमोजिमको इजाजत दिई जिल्ला अनुगमन तथा व्यवस्थापन समितिबाट अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ ।

(६) वन कार्यालयबाट वन प्रवेश इजाजत प्राप्त भएपछि ठेक्का लगाउने स्थानीय तहले वन प्रवेश इजाजतमा उल्लिखित शर्तहरुको प्रावधान समेत समावेश गरी व्यवसायीसँग सम्झौता गरी कार्यादेश दिनु पर्नेछ ।

(७) कार्यादेश पाएका व्यवसायीले उत्खनन्, सङ्कलन्, र घाटगद्दी कार्य शुरु गर्नु पहिले सो कार्यमा खटिने मुख्य मुख्य कामदार, ढुवानीका साधन र चालकहरुको विवरण स्थानीय तहमा पेश गर्नु पर्नेछ ।

(८) राष्ट्रिय वन, राष्ट्रिय निकुञ्ज, आरक्ष, मध्यवर्ती क्षेत्र, संरक्षण क्षेत्र, वातावरण संरक्षण क्षेत्र तथा चुरे श्रृंखला र अन्य संवेदनशील क्षेत्रवाट नदीजन्य पदार्थ उत्खनन् गर्दा डोजर, स्क्याभेटर, लोडर जस्ता हेभी इक्यूपमेन्ट प्रयोग गर्न पाइने छैन । अन्य क्षेत्रको हकमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भए बमोजिमका मेशिनरी औजार मात्र प्रयोग गर्नु पर्नेछ ।

(९) नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गर्दा माटो, पानी, कृषियोग्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कूलो, स्कूल, कलेज, मानवबस्ती जस्ता भौतिक पूर्वाधारको संरक्षणका लागि आवश्यक परेमा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी प्रदेश भित्रको कुनै नदी वा खोला क्षेत्रलाई चार किल्ला खुलाई निश्चित अवधिका लागि सम्बेदनशील क्षेत्र घोषणा गरी नदीजन्य पदार्थ उत्खनन र सङ्कलन्मा रोक लगाउन सक्नेछ ।

(१०) नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा घाटगद्दी गर्ने कार्य आषाढ देखि भाद्र महिनाको मसान्तसम्म गर्न पाइने छैन ।

(११) नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन कार्य सूर्योदय देखि सूर्यास्तसम्मको समयमा मात्र गर्नु पर्नेछ ।

(१२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो तथा डुबानका कारण थुप्रिएको नदीजन्य पदार्थ तत्काल हटाउनु पर्ने भएमा स्थानीय तहले जिल्ला विपद् व्यवस्थापन समिति र जिल्ला अनुगमन तथा व्यवस्थापन समितिको शिफारिस सहित जिल्ला समन्वय समिति मार्फत मन्त्रालयमा पठाई मन्त्रालयको स्वीकृतिमा तोकिएका मेसिनरी औजारको प्रयोग गरी तत्काल हटाउन सक्नेछ ।

(१३) नदीजन्य पदार्थ सङ्कलन गर्ने क्रममा सङ्कलन गर्न इजाजत पाएको नदीजन्य पदार्थ बाहेक कुनै बहुमूल्य पुरातात्विक ऐतिहासिक वस्तु फेला परेमा तत्काल स्थानीय तहमा बुझाउनु पर्नेछ र स्थानीय तहले प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

**१०. सङ्कलन भण्डारण र घाटगद्दीको व्यवस्था** (१) नदीजन्य पदार्थको सङ्कलन र घाटगद्दी इजाजत दिनु पहिले स्थानीय तहले नदीजन्य पदार्थहरुको सङ्कलन तथा घाटगद्दी गर्दा अपनाउनु पर्ने विधि, र नापजाँच प्रक्रियाका विषयमा सम्बन्धित व्यवसायीसँग सम्झौता गर्नु

पर्नेछ । सङ्कलित नदीजन्य पदार्थ घाटगद्दी गर्ने स्थान सम्झौतामा तोक्नुपर्नेछ । घाटगद्दी तोक्दा वनक्षेत्र र अन्य क्षेत्रको अलग अलग छुट्टिने गरी तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम घाटगद्दी स्थान छनौट गर्दा उत्खनन् सङ्कलन स्थलबाट न्यूनतम पाँचसय मिटरको दुरी कायम गर्नु पर्नेछ । वनक्षेत्र, सार्वजनिक जग्गा, सडक किनार र आवतजावतमा अवरोध हुने गरी घाटगद्धी गर्न पाइने छैन ।

(३) घाटगद्दी गर्दा घाटगद्दीमा आएको नदीजन्य पदार्थ नासिन हराउन नपाउने व्यवस्था सम्बन्धित व्यवसायीले मिलाउनु पर्नेछ ।

(४) दहत्तर वहत्तर काठ दाउराको सङ्कलन र घाटगद्दी प्रचलित ऐन, नियम र निर्देशिका बमोजिम हुनेछ ।

(५) उपदफा (२) बमोजिम तोकिएको स्थल बाहेक अन्यत्र भण्डारण वा घाटगद्दी गर्नु गराउनु हुदैन । तोकिएको घाटगद्दी स्थानमा तोकिएका नदीजन्य पदार्थ बाहेक अन्य मालवस्तु घाटगद्दी गर्न पाइने छैन । तोकिएको स्थान बाहेक अन्यत्र भण्डारण या घाटगद्दी गरे गराएमा बिक्री मूल्यको दोब्बर रकम असुल गरी यस्तो मालवस्तु स्थानीय तहले जफत गर्नेछ ।

(६) नदीजन्य पदार्थ बाहेकका मालवस्तु घाटगद्दी भएमा वा ओसारपसार गरेमा प्रचलित कानून बमोजिम हुनेछ ।

(७) कार्यादेश अनुसारको नदीजन्य पदार्थ उत्खनन्, संकलन र घाटगद्दी गर्ने कार्य सम्पन्न नभएसम्म व्यवसायीले बिक्री गर्न पाउने छैन । बिक्री गरेको पाइएमा स्थानीय तहले बिक्री मूल्यको दोब्बर रकम असुल गरी ठेक्का रद्द गर्न सक्नेछ ।

(८) स्थानीय तहले नदीजन्य पदार्थ उत्खनन् , सङ्कलन र बिक्री वितरणको अवस्थाको निरन्तर अनुगमन गर्नु पर्नेछ र बर्षको कम्तिमा तीन पटक जिल्ला अनुगमन तथा व्यवस्थापन समिति समेतको रोहबरमा घाटगद्दी स्थलको निरीक्षण अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ ।

(९) सम्झौता बमोजिम नदी खोला खहरे खोल्सा र नदी उकास क्षेत्रबाट निकालिएको र घाटगद्दी गरिएको नदीजन्य पदार्थको मासिक प्रगति विवरण प्रत्येक महिनाको ७ गतेभित्र व्यवसायीले ठेक्का लगाउने स्थानीय तहमा पठाउनु पर्नेछ ।

## परिच्छेद ४

## नदीजन्य पदार्थ र दहत्तर वहत्तर बिक्री तथा राजस्व बाँडफाँड

**११. नदीजन्य पदार्थको सदुपयोग** (१) सम्झौता अनुसार घाटगद्दिको कार्य सम्पन्न भएपछि व्यवसायीले अन्तिम जाँचको लागि स्थानीय तहमा निवेदन दिनु पर्नेछ र स्थानीय तहले नदीजन्य पदार्थ सङ्कलन गर्ने क्षेत्रको जिल्ला अनुगमन तथा व्यवस्थापन समितिबाट अन्तिम जाँच गराउनु पर्नेछ । उक्त कार्य व्यवसायीबाट निवेदन परेको सात दिनभित्र गराई सक्नु पर्नेछ ।

(२) नदीजन्य पदार्थ उत्खनन सङ्कलन गर्दा सम्झौता र यस निर्देशिकाको प्रतिकूल भए नभएको कुरा जिल्ला अनुगमन तथा व्यवस्थापन समितिको अन्तिम जाँच प्रतिवेदनमा खुलाउनु पर्नेछ ।

(३) अन्तिम जाँच सम्पन्न भएपछि व्यवसायीले स्थानीय तहबाट बिक्री स्वीकृति लिई सम्झौता बमोजिमको दररेटमा नबढाई घाटगद्दीबाट नदीजन्य पदार्थ बिक्री गर्न पाउने छ ।

(४) तोकिएको क्षेत्र भन्दा अन्यत्रबाट नदीजन्य पदार्थ सङ्कलन उत्खनन् गरेको पाइए जिल्ला अनुगमन तथा व्यवस्थापन समितिले क्षतिको मूल्याङ्कन गरी कारवाहीको लागि स्थानीय तहमा शिफारिस गर्नु पर्नेछ । सो बमोजिम गरेको कारवाहीको जानकारी जिल्ला अनुगमन तथा व्यवस्थापन समितिलाई गराउनु पर्नेछ ।

(५) नदीजन्य पदार्थ निकाल्दा जिल्ला अनुगमन तथा व्यवस्थापन समितिले शिफारिस गरे वाहेकको नदी खोलाको किनार, वनक्षेत्र वा अन्य क्षेत्रबाट उत्खनन् सङ्कलन गरेको कारण सो स्थानको पुनर्स्थापना गर्नु परेमा पुनर्स्थापना गर्दा लाग्ने खर्च सम्बन्धित व्यवसायीबाट असुल गरी पुनर्स्थापना गर्नु पर्नेछ ।

(६) जिल्ला अनुगमन तथा व्यवस्थापन समितिले गरेको शिफारिसका आधारमा क्षतिपूर्ति वा पुनर्स्थापना कार्य वापत रकम असुल गर्नु परेमा क्षतिपूर्ति र पुनर्स्थापना खर्च असुल गर्नु पर्नेछ ।

(७) यस कार्यविधिमा अन्यत्र जुनसुकै व्यहोरा लेखिएको भएतापनि राष्ट्रिय गौरवका राष्ट्रिय प्राथमिकता प्राप्त तथा प्रदेश सरकारले तोकेका प्रादेशिक गौरवका आयोजनाहरुका

लागि आवश्यक पर्ने नदीजन्य पदार्थ सम्बन्धित आयोजनाको अनुरोधमा जिल्ला अनुगमन तथा व्यवस्थापन समितिले तोकेको स्थानबाट तोकेको परिमाणमा प्रदेश सरकारले निर्धारण गरेको दररेटमा कानून बमोजिम लाग्ने कर समेत जोडी स्थानीय तहले आयोजनालाई सङ्कलन अनुमति दिन सक्नेछ ।

(८) उपदफा (७) बमोजिम सङ्कलन हुने नदीजन्य पदार्थ स्थानीय तहले तोकेको स्थानमा घाटगद्दी गर्नु पर्नेछ । घाटगद्दी प्रक्रिया यसै कार्यविधिको दफा १० बमोजिम हुनेछ । घाटगद्दीबाट नदीजन्य पदार्थ उठाउँदा यसै परिच्छेदको प्रक्रिया पूरा गरी लैजानु पर्नेछ ।

(९) नदीजन्य पदार्थ उपलब्धताका आधारमा अन्तर प्रदेश निकासी गर्न पाइने छ । अन्तर प्रदेश निकासी गर्नु परेमा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ ।

(१०) नदीजन्य पदार्थ विदेश निकासी सम्वन्धी व्यवस्था नेपाल सरकारले तोकेबमोजिम हुनेछ ।

**१२.नदीजन्य पदार्थको राजश्व दररेट र बाँडफाँड** (१) दहत्तर बहत्तर काठ दाउरा बाहेकका नदीजन्य पदार्थको राजस्वको दररेट प्रदेश सरकारले तोकेबमोजिम हुनेछ । अन्य शुल्कहरु प्रदेश कर तथा गैह्रकर सम्वन्धी प्रचलित कानून बमोजिम लाग्नेछन् ।

(२) नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त हुने शुल्कको दुई प्रतिशतले हुने रकम सम्बन्धित स्थानीय तहले अनुगमन र व्यवस्थापकीय कार्यका लागि जिल्ला समन्वय समितिलाई उपलब्ध गराउनु पर्नेछ । बाँकी रकम प्रदेश वित्त व्यवस्थापन ऐन बमोजिम सम्बन्धित स्थानीय तहले साठी प्रतिशत स्थानीय सञ्चित कोषमा दाखिला गरी बाँकी चालिस प्रतिशत रकम प्रदेश सरकारको सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

(३) स्थानीय तहले नदीजन्य पदार्थको बिक्रीबाट आफूलाई प्राप्त रकमको दश प्रतिशत नदीजन्य पदार्थ सङ्कलन, उत्खनन गर्दा प्रभावित हुने क्षेत्रका समुदाय वा खोला नदी किनार संरक्षणका कार्यमा खर्च गर्नु पर्नेछ ।

(४) व्यक्तिको निजी जग्गामा रहेको नदीजन्य पदार्थ सम्बन्धित जग्गाधनिको निजी काम बाहेक व्यवसायिक रुपमा बिक्री गर्न अनुमती माग भएमा जिल्ला अनुगमन तथा व्यवस्थापन समितिको सिफारिसमा स्थानीय तहले प्रदेश सरकारबाट तोकिएको शुल्क लिई अनुमति दिन सक्नेछ ।

## परिच्छेद ५

## नदीजन्य पदार्थको ओसारपसार र ढुवानी

**१३. ढुवानी तथा ओसारपसार सम्बन्धी व्यवस्थाः** (१) नदीजन्य पदार्थको ओसार पसार गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क)पानीले भिजेको र पानी चुहिने सामग्री बोकेका ढुवानीका साधन पक्की सडकमा गुडाउन पाइने छैन ।

(ख)ढुवानीका साधनले वहन गर्न पाउने तौल भन्दा बढी तौल लोड गरिएका ढुवानीका साधन सडकमा गुडाउन पाइने छैन ।

(ग)नदीजन्य पदार्थ ढुवानी गर्दा ढुवानी गर्ने साधनलाई माथिबाट वाक्लो त्रिपालले ढाकी ढुवानी गर्नु पर्नेछ ।

(घ) सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा नदीजन्य पदार्थ लगायत कुनै पनि सामग्री सङ्कलन गर्न वा सञ्चय गरी राख्न पाइने छैन । नदीजन्य पदार्थ बोकेको सवारी साधन उक्त क्षेत्रमा पार्किङ गर्न पाइने छैन ।

(ङ) शहर वा बजार क्षेत्रमा नदीजन्य पदार्थ बोकेको सवारी साधन विहान आठ बजेदेखि बेलुका छ बजेसम्म चलाउन पाइने छैन ।

(च) ढुवानी गर्दा सडकको मापदण्ड, भारवहन क्षमता हेरी शहरी क्षेत्रमा ढुवानी गर्ने साधनको तौलका सम्वन्धमा प्रदेश सरकारले विशेष व्यवस्था गरी उच्च भार नियन्त्रण गर्न सक्नेछ ।

(छ) ढुवानी गर्दा अस्पताल, विद्यालय, अन्य शैक्षिक संस्था भएको क्षेत्र तथा वस्तीहरूमा द्रूत गतिमा ढुवानी साधन चलाउन, प्रेसर हर्न बजाउन र फोहर गर्न पाइने छैन ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले भण्डारण वा घाटगद्दी क्षेत्र र आवश्यकता अनुसार अन्य क्षेत्रमा भार मापन मेशिन राखी कार्यान्वयन गर्न सक्नेछ ।

(३) अन्तर स्थानीय तह वा अन्तर प्रदेशमा नदीजन्य पदार्थ ओसारपसार र ढुवानी गर्दा कसैले अवरोध वा कुनै किसिमको ढाट राखी थप कर, शुल्क वा दस्तुर लिन पाइने छैन ।

(४) ओसार पसार तथा ढुवानी सम्वन्धी अन्य व्यवस्था सम्झौता बमोजिम हुनेछ ।

१४. **निषेधित कार्यहरुः** (१) यस कार्यविधि बमोजिम देहायका कार्यहरु निषेध गरिएको छ ।

(क)प्रचलित कानून बमोजम बाहेक अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्न वा उद्योग सञ्चालन गर्न ।

(ख)प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नगरी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन्, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालन गर्न ।

(ग)नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योगका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनका शर्त उल्लङ्घन गर्न ।

(घ)नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालनका लागि तोकिएको मापदण्ड विपरित कार्य गर्न ।

(ङ)तोकिएको स्थान बाहेक अन्य स्थानमा उद्योग स्थानान्तरण र सञ्चालन गर्न ।

(च) स्वीकृत उद्देश्य विपरित काम गर्न ।

(छ) तोकिएको परिमाण भन्दा बढी उत्खनन् सङ्कलन र प्रशोधन गर्न ।

(ज) अनुमति नलिई वा अनुमति बर्खिलाफ उद्योग सञ्चालन गर्न ।

(झ) पुरातात्विक, धार्मिक महत्वका र बहुमुल्य ढुङ्गा पत्थरको उत्खनन् सङ्कलन तथा बिक्री वितरण गर्न र स्वरुप परिवर्तन हुने गरी कुनै पनि क्रियाकलाप सञ्चालन गर्न ।

(ञ) कार्यविधि विपरित हुने गरी नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, ओसारपसार, बिक्री वितरण गर्न तथा उद्योग सञ्चालन गर्न ।

(ट) नदी किनारमा निर्मित पूर्वाधारजन्य संरचनाको स्वरुप परिवर्तन हुने गरी स्वरुप विगार्न र हानी नोक्सानी हुने अन्य कुनै कार्य गर्न ।

१५. **सजायको व्यवस्थाः** दफा १४ को उपदफा (१) बमोजिमका निषेधित कार्य वा यो कार्यविधि वर्खिलाफका कुनै कार्य गर्ने गराउने उपर प्रचलित कानूनमा व्यवस्था भए अनुसार सजाय हुनेछ ।

## परिच्छेद ६

## अनुगमन मूल्याङ्कन

१६. **निर्देशक समितिको गठनः** (१) नदीजन्य पदार्थ उत्खनन् सङ्कलन, भण्डारण, ओसारपसार र विक्री वितरण तथा यी पदार्थमा आधारित उद्योगको अनुगमन मूल्याङ्कन तथा नियमन गर्न गराउनका लागि एक प्रादेशिक निर्देशक समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रादेशिक निर्देशक समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन् ।

(क) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -संयोजक

(ख) उपसचिव, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) उपसचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(घ) उपसचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) उपसचिव, भौतिक पुर्वाधार विकास मन्त्रालय - सदस्य

(च ) प्रदेश प्रहरी प्रमुख, प्रदेश नं. ५ ले तोकेको प्रतिनिधि - सदस्य

(छ) वातावरण हेर्ने महाशाखा प्रमुख, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय मन्त्रालय - सदस्य सचिव

(३) प्रादेशिक निर्देशन समितिको कार्य विवरण देहाय बमोजिम हुनेछ ।

(क) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन्, भण्डारण, प्रशोधन तथा विक्री वितरण सम्बन्धमा अनुगमन गरी प्रदेश सरकारलाई सुझाव दिने साथै अन्तर-प्रदेश मन्त्रालय र स्थानीय तहहरु बीच समन्वय गर्ने ।

(ख) यस सम्बन्धी प्रादेशिक नीति, नियम, मापदण्ड तर्जुमा, नियमन र संशोधनका लागि प्रदेश सरकारलाई सुझाव दिने ।

(ग) यस सम्बन्धी अन्तरस्थानीय तहमा कुनै विवाद भए समन्वय गरी निरुपण गर्ने ।

(घ) अन्तरप्रदेश विवाद भएमा मन्त्रालय मार्फत मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा विवादको विषय पेश गर्ने ।

(ङ) आवश्यकता अनुसार समितिले थप कार्य विवरण आफै बनाई लागू गर्ने ।

**१७.जिल्ला अनुगमन तथा व्यवस्थापन समिति** (१) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन, वा उद्योग स्थापना र सञ्चालन कार्यको प्रस्ताव कार्यान्वयन हुनु पूर्व, कार्यान्वयन गर्दा र कार्यसम्पन्न भैसकेपछि वातावरणमा पर्ने प्रभावको अध्ययन, विश्लेषण गरी सुझाव दिनका लागि एक जिल्ला अनुगमन तथा व्यवस्थापन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको जिल्ला अनुगमन तथा व्यवस्थापन समितिमा देहाय अनुसारका सदस्य रहनेछन ।

| | |
|---|---|
| (क) जिल्ला समन्वय समितिका प्रमुख | - संयोजक |
| (ख) प्रमुख जिल्ला अधिकारी | -सदस्य |
| (ग) प्रदेश प्रहरीको सम्बन्धित जिल्लाको कार्यालय प्रमुख | -सदस्य |
| (घ) जिल्ला प्रहरी प्रमुख | - सदस्य |
| (ङ)सम्बन्धित जिल्लाको सशस्त्र प्रहरी कार्यालय प्रमुख | - सदस्य |
| (च) घरेलु तथा साना उद्योग कार्यालय/समितिको प्रमुख | - सदस्य |
| (छ ) सम्बन्धित स्थानीय तहको सम्बन्धित शाखा प्रमुख | - सदस्य |
| (ज) जलाधार संरक्षण कार्यालय रहेको जिल्ला भए कार्यालय प्रमुख | - सदस्य |
| (झ) वन कार्यालय प्रमुख | - सदस्य |
| (ञ) जिल्ला समन्वय समितिको प्राविधिक इन्जिनियर | - सदस्य |
| (ट) मालपोत कार्यालय प्रमुख | - सदस्य |

(ठ) नापी अधिकृत - सदस्य

(ड) जिल्ला समन्वय अधिकारी -सदस्य सचिव

(२) जिल्ला स्थित विशेषज्ञ प्राविधिक रहने अन्य कुनै कार्यालयका विशेषज्ञ प्राविधिकलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिने छ ।

(३) जिल्ला अनुगमन तथा व्यवस्थापन समितिको कार्य विवरण देहायबमोजिम हुनेछ ।

(क) नदीजन्य पदार्थ सङ्कलन हुने क्षेत्रहरुको स्थलगत सर्वेक्षण गरी स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन **(IEE/EIA)** को प्रावधान र ती प्रतिवेदन स्वीकृत/कार्यान्वयन भएपछि आएका परिवर्तन समेतको लेखाजोखा गरी नदीजन्य पदार्थ सङ्कलन गर्न सकिने स्थानको नक्शा सहितको विवरण, निकाल्न सकिने नदीजन्य पदार्थको किसिम र परिमाण समेत यकिन गरी सम्बन्धित स्थानीय तहमा प्रतिवेदन पेश गर्ने ।

(ख)जिल्ला भित्र स्थापना हुने उद्योगले वातावरण, कृषि, मानवबस्ती, पानीका मूल, ताल, ऐतिहासिक तथा धार्मिक पोखरी, महत्वपूर्ण स्रोत सम्पदा र भौतिक संरचना लगायतमा पार्न सक्ने प्रभाव बारे प्रस्ताव, वातावरणीय प्रतिवेदनको अध्ययन, फिल्ड निरीक्षण गरी जिल्ला समन्वय समिति मार्फत मन्त्रालयलाई राय सुझाव दिने ।

(ग)जिल्लामा सञ्चालित नदीजन्य पदार्थमा आधारित उद्योगले सञ्चालनका क्रममा वा सञ्चालन पश्चात् पार्ने असर बारे अध्ययन, निरीक्षण गरी प्रतिवेदन दिने ।

(घ )नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, घाटगद्दी, ढुवानी र बिक्री सम्बन्धी स्थानीय तहको कार्ययोजना कार्यान्वयन पूर्व, कार्यान्वयन चरण र कार्य सम्पन्न भैसकेपछि पर्न सक्ने सामाजिक,आर्थिक र वातावरणीय प्रभाव बारे अध्ययन, निरीक्षण र विश्लेषण गरी प्रतिवेदन दिने ।

(ङ) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन्, प्रशोधन र विक्री वितरण सम्बन्धी प्रस्ताव सम्बन्धमा स्थानीय तहबाट अनुरोध भै आएमा अध्ययन, निरीक्षण गरी राय सुझाव दिने ।

(च)नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन्, भण्डारण र प्रशोधनको कार्य कानूनसम्मत कार्यान्वयन भए नभएको हेरी नियमन गर्नका लागि मन्त्रालयलाई सिफारिस गर्ने ।

(छ) सडकको भारवाहन क्षमता भन्दा बढी ओसारपसार भएमा वा तोकिएको मूल्य भन्दा बढी लिएमा वा स्वीकृत मापदण्ड वा स्थानीय तहसँग भएको सम्झौता विपरित सङ्कलन, उत्खनन र प्रशोधन वा विक्री भएमा नियमन गर्ने व्यवस्था मिलाउने ।

(ज)अन्तर स्थानीय तह वा अन्तर जिल्ला क्षेत्राधिकार वा यस सम्बन्धी अन्य कुनै विषयमा कुनै विवाद भए समाधानका लागि समन्वय गर्ने । आफ्नो तहबाट हुन नसक्ने भए प्रादेशिक निर्देशक समितिमा सिफारिस गर्ने ।

(झ)स्वीकृत कार्ययोजना र प्रचलित कानून विपरित गर्नेलाई कारवाही गर्ने ।

**१८.स्थानीय अनुगमन समिति** (१) स्थानीय स्तरमा नदीजन्य पदार्थको उत्खनन, सङ्कलन्, भण्डारण, क्रसिङ, प्रशोधन र विक्री वितरण कार्यको कार्यान्वयन, समन्वय, अनुगमन र नियमन्, स्वीकृत मापदण्ड र कार्यविधिको पालना एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहले स्थानीय तहका प्रमुख/अध्यक्षको नेतृत्वमा अनुगमन समिति गठन गर्नेछ ।

(२)स्थानीय अनुगमन समितिको संरचना र कार्यविवरण स्थानीय तहको कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद ७

## विविध

**१९. नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन सम्बन्धी मापदण्डः** (१) नदीजन्य पदार्थ उत्खनन्, सङकलन् र घाटगद्दी सम्बन्धमा अनुसूची (३) र नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना तथा सञ्चालन गर्ने प्रयोजनका लागि अनुसूची (४) बमोजिमको दूरी सम्बन्धी मापदण्ड लागू हुनेछ ।

(२) उद्योग दर्ता र सञ्चालन सम्बन्धी अन्य विषयहरु प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

२०. **वातावरणीय पुनर्स्थापना** (१) उत्खनन क्षेत्र वा आसपासका क्षेत्रमा कार्य सम्पन्न भइसकेपछि हरियाली प्रवर्धन, तटबन्ध निर्माण, थिग्रयाउने पोखरी निर्माण, खोलाको वहाव नियन्त्रण गर्न पक्की बाँध लगायतका भू-तथा जलाधार संरक्षण जस्ता पुनर्स्थापनाका कार्यहरु गर्न सम्बन्धित स्थानीय तहले योजना बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

(२) नदीजन्य पदार्थको उत्खनन् र सङ्कलन कार्यबाट वातावरण, गाऊँ बस्ती, कृषि भूमि, वनक्षेत्र र जलाधारमा प्रतिकूल प्रभाव परेको अवस्थामा खोला,नदी र आसपासका क्षेत्रको भू-बनौट, प्राकृतिक सुन्दरता,वन जङ्गल, जलाधार र कृषि प्रणालीलाई जीवन्त राख्न जिल्ला अनुगमन तथा व्यवस्थापन समितिको सिफारिसमा स्थानीय तहले सो कार्यमा तत्काल रोक लगाई संरक्षण र पुनरुत्थानका कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ ।

२१. **विविध** (१) यो कार्यविधि लागू हुनु पहिले सञ्चालनमा रहेका उद्योगले कार्यविधि लागू भएको एक महिनाभित्र आफ्नो उद्योगमा रहेको कच्चा वा प्रशोधित मालवस्तुको परिमाण सहितको विवरण, प्राप्तिको स्रोत, चालु आ.ब.को विक्री वितरणको परिमाण र भावी योजना सहितको प्रतिवेदन स्थानीय तह, जिल्ला अनुगमन तथा व्यवस्थापन समिति र मन्त्रालयमा पेश गर्नु पर्नेछ । तत्पश्चात उत्खनन्, सङ्कलन तथा घाटगद्दीमा भएको मौज्दातको विवरण मासिक रुपमा सम्वन्धित स्थानीय तह, मन्त्रालय मातहतको उद्योग हेर्ने निकाय र जिल्ला अनुगमन तथा व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ ।

(२) ढुंगा, ग्राभेल गिट्टी, बालुवा, माटो, चट्टान खानीको रुपमा सञ्चालन गर्नुपर्ने भएमा भएमा नेपाल सरकारले व्यवस्था गरे अनुसार हुनेछ ।

(३) यो कार्यविधि पालना गर्ने गराउने कार्यमा प्रादेशिक निर्देशक समिति, जिल्ला अनुगमन तथा व्यवस्थापन समिति र स्थानीय तहलाई स्थानीय प्रशासनले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(४) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, बिक्री वितरण तथा यी पदार्थमा आधारित उद्योगमा काम गर्ने मजदुरको बीमा, स्वास्थ्य, सुरक्षा तालिम र सुरक्षा सामग्री सम्बन्धी व्यवस्था सम्बन्धित व्यवसायीले गर्नु पर्नेछ ।

२२. **थपघट तथा हेरफेरः** (१) यो कार्यविधि आवश्यकता अनुसार प्रदेश सरकारले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**२३. बाधा अड्काउ, फुकाउः** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा प्रदेश सरकारले बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

**२४. खारेजी र बचाऊः** (१) यो कायविधि लागू हुनु पहिले नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, विक्री वितरण तथा नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना सञ्चालन सम्बन्धमा भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

(२) यो कार्यविधिले गरेको व्यवस्था प्रचलित नेपाल कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

## अनुसूची १

### नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन अनुमतिका लागि दिनु पर्ने

### दरखास्तको ढांचा

(दफा ३ को उपदफा १ सँग सम्बन्धित)

मितिः ........./...../.....

श्री अध्यक्ष / प्रमुखज्यू ।

..................................गा.पा. / न.पा. / उ.म.न.पा./म.न.पा.

............................................

विषयः अनुमतिपत्र पाउँ भन्ने बारे ।

महोदय,

देहाय बमोजिमको उद्योग सञ्चालनगर्न इच्छुक भएकोले मेरो/हाम्रो फर्म कम्पनीलाई अनुमतिपत्र प्रदान गरिदिनु हुन आवश्यक कागजात सहित यो निवेदनपत्र पेश गरेको छु/छौं । लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित नेपाल कानुन बमोजिम सहुँला बुझाउँला ।

१. फर्मको पूरा नाम :-

२. फर्मको पूरा ठेगाना :-

३. उद्योग सञ्चालन गर्ने स्थान (GPS लोकेशन समेत) : -

४. उद्देश्य :-

५. पूँजी :-

५. कारोबार गर्ने वस्तु तथा कामको विवरण :-

६. संलग्न कागजातहरुः (फर्म दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, नविकरण गरेको प्रमाण, स्वघोषणा सम्वन्धी कागज)

दरखास्तवालाको नामः

सहीः

नागरिकता नम्बरः

सम्पर्क नं.

अनुसूची २

## नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालनको अनुमति पत्रको ढांचा

(दफा ३ को उपदफा २ सँग सम्बन्धित)

..................म.न.पा. ∕ उ.म.न.पा. ∕ न.पा. ∕ गा.पा.को कार्यालय

.............................

### अनुमतिपत्र

श्री .............................

................................................

महाशय,

तपाईको फर्म र कम्पनीले ........................... सम्वन्धी कार्य गर्नको लागि यस कार्यालयमा पेश गर्नुभएको निवेदन र संलग्न कागजात उपर कारवाही हुँदा मिति .................. को निर्णयानुसार ........................... कार्य गर्ने गरी यो अनुमति पत्र दिइएको छ । प्रचलित कानून बमोजिम गर्नु गराउनु होला ।

१. अनुमति प्राप्त गर्ने फर्म कम्पनीको नामः
२. फर्मर कम्पनी संचालकको नामः
३. ठेगानाः
४. फर्मर कम्पनी सञ्चालन हुने स्थानः
५. चार किल्लाः

**अनुमतिपत्र प्रदान गर्ने अधिकृतको**

नामः

दर्जाः

दस्तखतः

मितिः

द्रस्टव्यः यो अनुमतिपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन ........ रुपैयाँ दस्तुर लाग्नेछ ।

## अनुसूची ३

## नदीजन्य पदार्थ सङ्कलन लागि निर्धारित दूरी सम्बन्धी मापदण्ड

(दफा १९(१) सँग सम्बन्धित)

| क्र.सं. | विवरण | तराई तथा भित्री मधेशमा | पहाडी क्षेत्रमा |
|---|---|---|---|
| १ | नदी, खोलाको वर्षातको प्रवाहमा आधारित सीमा किनार, | ५०० मिटर | ३०० मिटर |
| २ | तालतलैया र ऐतिहासिक धार्मिक महत्वका पोखरी तथा घाटक्षेत्र | ३०० मिटर | ३०० मिटर |
| ३ | २२० के भी भन्दा कमको हाईटेन्सन लाइनबाट | १०० मिटर | १०० मिटर |
| | २२० के भी भन्दा माथिको हाईटेन्सन लाइनबाट | ३०० मि. | २०० मिटर |
| ४ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | १ कि.मि. | ५०० मिटर |
| ५ | निकुञ्ज, आरक्ष क्षेत्र, संरक्षित क्षेत्र तथा चुरेको वातावरण संरक्षण क्षेत्रबाट | १ कि.मि. | ५०० मिटर |
| ६ | घनाबस्तिबाट | १ कि.मि. | ५०० मिटर |
| ७ | वन क्षेत्रबाट | १ कि.मि. | ५०० मिटर |
| ८ | झोलुंगे पुलबाट | २०० मि. | २०० मि. |
| ९ | पक्की पुलबाट | **५०० मि.** | **३०० मि.** |
| १० | राष्ट्रिय लोकमार्गको Right of Way बाट | **५०० मि.** | **३०० मि.** |
| ११ | प्रदेश स्तरका लोकमार्गको Right of Way बाट | ३०० मि. | २०० मि. |
| १२ | स्थानीयस्तरका कृषि तथा ग्रामिण सडकको Right of Way बाट | १०० मि. | १०० मि. |
| १३ | अन्तरराष्ट्रिय सिमानाबाट | कम्तीमा २ कि.मि. | कम्तीमा २ कि.मि. |

## अनुसूची ४

## नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालनको लागि निर्धारित दूरी सम्बन्धी मापदण्ड

(दफा १९(१) सँग सम्बन्धित)

| क.सं. | विवरण | तराई तथा भित्री मधेशमा | पहाडी क्षेत्रमा |
|---|---|---|---|
| १ | नदी, खोलाको वर्षातको प्रवाहमा आधारित सीमा किनार, | ५०० मिटर | ३०० मिटर |
| २ | तालतलैया र ऐतिहासिक धार्मिक महत्वका पोखरी तथा घाटक्षेत्र | ५०० मिटर | ३०० मिटर |
| ३ | २२० के भी भन्दा कमको हाईटेन्सन लाइनबाट | १०० मिटर | १०० मिटर |
| | २२० के भी भन्दा माथिको हाईटेन्सन लाइनबाट | ५०० मि. | ३०० मिटर |
| ४ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | १ कि.मि. | १.कि.मी. |
| ५ | निकुञ्ज, आरक्ष क्षेत्र, संरक्षित क्षेत्र तथा चुरेको वातावरण संरक्षण क्षेत्रबाट | १ कि.मि. | १ कि.मि. |
| ६ | घनाबस्तिबाट | १ कि.मि. | १ कि.मि. |
| ७ | वन क्षेत्रबाट | १ कि.मि. | १ कि.मि. |
| ९ | पक्की पुलबाट | ५०० मि. | ३०० मि. |
| १० | राष्ट्रिय लोकमार्गको Right of Way बाट | ५००.मि. | ३०० मि. |
| ११ | प्रदेश स्तरका लोकमार्गको Right of Way बाट | ३०० मि. | २०० मि. |
| १२ | स्थानीयस्तरका कृषि तथा ग्रामिण सडकको Right of Way बाट | १०० मि. | १०० मि. |
| १३ | अन्तरराष्ट्रिय सिमानाबाट | कम्तीमा २ कि.मि. | कम्तीमा २ कि.मि. |